# शहिद लखन गाउँ कार्यपालिकाको ९०औं बैठक

आज मिति मितिः २०८३।०१।१६ गते, नेपाल सम्वत् ११४६ बछलाथ्वः त्रयोदशी, बुधवारका दिन शहिद लखन गाउँ कार्यपालिकाको ९०औं बैठक गाउँपालिकाका आदर्णीय अध्यक्ष श्री रमेश बाबु थापा मगरज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णयहरु गरियो।

उपस्थितिः

| | | |
|---|---|---|
| १. श्री रमेश बाबु थापा मगर | अध्यक्ष | |
| २. श्री इन्दिरा तिवारी | उपाध्यक्ष | |
| ३. श्री बाबुराम मगर | प्रमुख प्रशासकीय अधिकृत | |
| ४. श्री प्रेम गुरुङ्ग | वडाध्यक्ष, वडा नं १ | |
| ५. श्री सकुन थापा मगर | वडाध्यक्ष, वडा नं २ | |
| ६. श्री दिपक पाण्डे | वडाध्यक्ष, वडा नं ३ | |
| ७. श्री यम बहादुर थापा | वडाध्यक्ष, वडा नं४ | |
| ८. श्री यम बहादुर राना | वडाध्यक्ष, वडा नं ५ | |
| ९. श्री दिलिप नारायण थापा | वडाध्यक्ष, वडा नं ६ | |
| १०. श्री शरण श्रेष्ठ | वडाध्यक्ष, वडा नं ७ | |
| ११. श्री बासुदेव ढकाल | वडाध्यक्ष, वडा नं ८ | |
| १२. श्री राम कुमार श्रेष्ठ | वडाध्यक्ष, वडा नं ९ | |
| १३. श्री कृष्ण वहादुर प्रजा | कार्यपालिका अल्पसंख्यक सदस्य | |
| १४. श्री शोभा नेपाली | कार्यपालिका दलित महिला सदस्य | |
| १५. श्री गिता परियार | कार्यपालिका महिला सदस्य | |
| १६. श्री लिना थापा | कार्यपालिका महिला सदस्य | |

| | | |
|---|---|---|
| १७. श्री हस्त कुमारी गुरुङ्ग | कार्यपालिका महिला सदस्य | हस्त |
| १८. श्री विमला ढुंगाना अंगाई | कार्यपालिका महिला सदस्य | ~~हस्त~~ Bimala |
| १९. श्री लाल बहादुर गुरुङ | का.वा. वडा अध्यक्ष वडा नं. १ | |
| २०. श्री श्याम ब. तकुह्रा | प्र.अ. | |
| २१. श्री अर्विन थापा | सु.प्र.अ. | |
| २२. श्री सर्वबहादुर जङ्गतरङ्ग | शि.प्र.अ | |
| २३. ई. राजन रानामगर | इन्जिनियर | |
| २४. अर्जुन थापा | रोजगार संयोजक | |
| २५. डिल ब. गुरुङ | प्रा.स. | |
| २६. बन्दना वली | इ.वि.प | |
| २७. भुमिका वली | उ.वि.स | Bhumika |
| २८. पुरुषोत्तम अधिकारी | लेखा अधिकृत | |
| २९. सर्मिला गुरुङ | का.स. | |
| ३०. | | |
| ३१. | | |
| ३२. | | |
| ३३. | | |
| ३४. | | |
| ३५. | | |

**प्रस्ताव नं. १: पुर्ण खोप पालिका घोषणा तथा दीगोपना सुनिश्चितता कार्यक्रम सम्बन्धमा।**

**निर्णय नं. १:** प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८३।०१।१५ गते जिल्ला खोप समन्वय समितिले पालिकालाई पूर्ण खोप घोषणा तथा दिगोपना सुनिश्चितताका लागि अनुमति प्रदान गरेको हुँदा, आज मिति २०८३।०१।१६ गते शहीद लखन गाउँपालिकालाई पूर्ण खोप घोषणा तथा दिगोपना सुनिश्चित गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. २: आवासीय विद्यालय सञ्चालन कार्यविधि, २०८३ सम्बन्धमा।**

**निर्णय नं. २:** प्रस्ताव नं. २ माथि छलफल गर्दा गाउँपालिकाका अनाथ असहाय विपन्न सीमान्तकृत जेहनदार दलित लगायत समस्यामा रहेका विद्यार्थीलाई विद्यालय शिक्षामा पहुँच विस्तार तथा सुनिश्चितताका लागि गाउँपालिकाको केही विद्यालयलाई आवासीय विद्यालयको रुपमा विकास गर्नुपर्ने भएकाले आवासीय विद्यालय सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३ सुझावको लागि प्रस्तुत गरियो साथै यस कार्यविधिलाई अध्ययन गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ३: मेडिकल अधिकृतको विज्ञापन सम्बन्धमा।**

**निर्णय नं. ३:** प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँपालिकामा कार्यरत डा. प्रतिक्षा अधिकारीले मिति २०८३।०१।०३ गते पेश गरेको राजीनामा मिति २०८३।०१।०७ गतेदेखि लागू हुनेगरी स्वीकृत भई उक्त पद रिक्त रहेको हुँदा स्वास्थ्यसम्बन्धी आधारभूत सेवा प्रवाह तथा अपाङ्गता सम्बन्धी परिचयपत्र वितरण तथा नवीकरण कार्य प्रभावकारी रूपमा सञ्चालन गर्न गाउँपालिकामा एक जना मेडिकल अधिकृत अत्यावश्यक हुने हुँदा उक्त पदमा खुला प्रतिस्पर्धामार्फत करार सेवामा पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने निर्णय गरियो। साथै उक्त पदपूर्ति तथा छनौटका लागि तपसिल बमोजिमको पदपूर्ति समिति गठन गर्ने निर्णय गरियो।

<u>तपसिलः</u>

- **संयोजकः** डा. शम्भु अधिकारी, निमित्त प्रमुख मेडिकल सुपरिटेन्डेण्ट, प्रदेश अस्पताल गोरखा,
- **सदस्यः** श्री वीरेन्द्र श्रेष्ठ, स्वास्थ्य शाखा प्रमुख,
- **सदस्य-सचिवः** श्री बाबुराम मगर, प्रमुख प्रशासकीय अधिकृत।

**प्रस्ताव नं. ४: अनिवार्य तथा निःशुल्क शिक्षा ऐन कार्यान्वयन सम्बन्धमा।**

**निर्णय नं. ४:** प्रस्ताव नं. ४ माथि छलफल गर्दा अनिवार्य तथा निःशुल्क शिक्षा ऐन कार्यान्वयन गर्ने सम्बन्धमा छलफल गरी उक्त ऐनका व्यवस्थाहरु कार्यान्वयनका लागि आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो। साथै विद्यालय बाहिर रहेको विद्यालय उमेर समूहका विद्यार्थी पहिचान गर्ने र उक्त विद्यार्थी विद्यालयमा लेराउन आवश्यक कार्यहरु गर्नुका साथै जनचेतना फैलाउन सबैले आ-आफ्नो स्थानबाट सक्रियतापूर्वक भूमिका निर्वाह गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ५: उद्यम विकास सम्बन्धी कार्यक्रम सम्बन्धमा।**

**निर्णय नं. ५:** प्रस्ताव नं. ५ माथि छलफल गर्दा नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सशर्त अनुदानमा सञ्चालित "गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम" अन्तर्गत देहाय बमोजिमका कार्यक्रमहरू सञ्चालन गर्ने निर्णय गरियोः

- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ बमोजिम लघु उद्यम विकास मोडेलमार्फत नयाँ उद्यमी सिर्जना गर्ने।

❖ सम्भाव्य उत्पादनको उत्पादकत्व तथा बजार प्रतिस्पर्धा वृद्धि गर्न कम्तीमा ५ जनाको समूहमा प्रविधि हस्तान्तरण गर्ने।

साथै उक्त कार्यक्रमहरू तपसिल बमोजिमका उद्यमहरू प्रवर्द्धन गर्ने गरी कार्यान्वयन गर्ने निर्णय गरियोः

१. थाकलको रेसामा आधारित उद्यम,
२. बाँस तथा निगालोको चोयामा आधारित उद्यम,
३. स्थानीय कच्चा पदार्थको सदुपयोग हुने तथा दिगो व्यवसाय बन्न सक्ने अन्य उद्यमहरू।

**प्रस्ताव नं. ६: आवधिक योजना र मध्यमकालीन खर्च संरचना सम्बन्धमा।**

**निर्णय नं. ६:** प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गाउँपालिकाको शहिद लखन गाउँपालिकाको प्रथम आवधिक योजना २०७८/७९ - २०८२/८३ र मध्यमकालीन खर्च संरचना आ.व. २०८०/८१- २०८२/८३ सम्म रहेकोले नेपाल रिसर्च एण्ड पव्लिकेसन सेन्टर प्रा.लि., काठमाण्डौंको सहकार्यमा आगामी आवधिक योजना र मध्यमकालीन खर्च संरचना तयार गर्ने विषयमा छलफल गरियो।

**प्रस्ताव नं. ७: स्थानीय तह गुनासो सुनुवाइ सहजीकरण समिति गठन सम्बन्धमा।**

**निर्णय नं. ७:** प्रस्ताव नं. ७ माथि छलफल गर्दा गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम गुनासो सुनुवाइ मार्गदर्शन, २०७८ बमोजिम स्थानीय तहमा गुनासो सुनुवाइ कार्यलाई सहजीकरण गर्न तपसिल बमोजिमका समिति गठन गर्ने निर्णय गरियो।

| | |
|---|---|
| ❖ इन्दिरा तिवारी, गाउँपालिका उपाध्यक्ष | संयोजक |
| ❖ बाबुराम मगर, प्रशासकीय अधिकृत | सदस्य |
| ❖ श्री शोभा नेपाली, कार्यपालिका दलित महिला सदस्य | सदस्य |
| ❖ श्री याम बहादुर बृकट्टा, सूचना अधिकारी | सदस्य सचिव |

**प्रस्ताव नं. ८: खेलाडी प्रोत्साहन तथा पुरस्कार सम्बन्धमा।**

**निर्णय नं. ८:** प्रस्ताव नं. ८ माथि छलफल गर्दा गोरखा नगरपालिकाद्वारा आयोजित दोस्रो अन्तरपालिका उप प्रमुख भलिबल कप-२०८२ मा यस शहिद लखन गाउँपालिकाबाट प्रतिनिधित्व गर्दै सहभागी महिला भलिबल टोलीले दोस्रो स्थान हासिल गरेकोमा गाउँ कार्यपालिकाको २०८१।०१।१४ गतेको निर्णयानुसार खेलाडी तथा टिम कोचलाई जनही रु ५,००० कर सहित प्राप्त पुरस्कारमा थप गरि वितरण गराएकाले उक्त खर्च अनुमोदन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ९: युवा तथा खेलकुद समिति गठन सम्बन्धमा।**

**निर्णय नं. ९:** प्रस्ताव नं. ९ माथि छलफल गर्दा वडा स्तरीय युवा तथा खेलकुद समिति यहीं मिति २०८३।०१।२४ गतेसम्म गठन गरी गाउँपालिका स्तरीय समिति गठनको लागि १ जना सदस्य मनोनीत गरि पठाउने निर्णय गरियो।

**प्रस्ताव नं. १०: विद्यालय अनुमति सम्बन्धमा।**

**निर्णय नं. १०:** प्रस्ताव नं. १० माथि छलफल गर्दा यस शहिद लखन गाउँपालिका वडा नं ३ मा अवस्थित श्री गंगाधर्म आधारभूत विद्यालयले कक्षा ९ सञ्चालनको लागि अनुमति माग गरि निवेदन

पेश गरेको र श्री जनज्योती प्राथमिक विद्यालयले कक्षा ६ सञ्चालनको लागि अनुमति माग गरि निवेदन पेश गरेकोमा हाललाई श्री गंगाधर्म आधारभूत विद्यालयलाई यथावत् सञ्चालन गर्ने र श्री जनज्योती प्राथमिक विद्यालयलाई कक्षा ६ सञ्चालनको अनुमति प्रदान गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ११: गाउँ शिक्षा योजना निर्माण सम्बन्धमा।**

निर्णय नं. ११: प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस शहिद लखन गाउँपालिकाको गाउँ शिक्षा निर्माणको लागि मिति २०८१।०५।०९ गते गाउँ कार्यपालिकामा सिफारिस गर्ने प्रयोजनको लागि गाउँ शिक्षा समितिका सदस्यहरूमध्येबाट प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा ७ सदस्यीय समिति गठन गरिएको र EGL कार्यक्रमबाट आवश्यक सहयोग लिइ निर्माण गर्ने उदेश्य लिइएकोमा उक्त कार्यक्रम कटौतीसँगै योजना निर्माण कार्य अधुरो रहेकाले सोही समितिमार्फत उक्त कार्य सुरुदेखि नया निर्माण गर्ने निर्णय गरियो। समितिले कार्यसम्पादन गर्दा बैठकमा सहभागिता हुँदा तथा प्राविधिक कार्यमा सहभागी हुँदा दैनिक रु १००० (कर सहित) र फिल्ड भिजिट तथा अवलोकन सम्बन्धी कार्यमा जाँदा नियमानुसार भ्रमण भत्ता उपलब्ध गराउने निर्णय गरियो।

**प्रस्ताव नं. १२: विद्यालयको लालपुर्जा तथा महत्वपूर्ण कागजात सम्बन्धमा।**

निर्णय नं. १२: प्रस्ताव नं. १२ माथि छलफल गर्दा विद्यालयको जग्गा जमिनको एकिन अवस्था बुझ्नको लागि सम्पूर्ण विद्यालयहरूबाट जग्गाको लालपुर्जाको प्रतिलिपि सङ्कलन गरि वडा कार्यालय तथा गाउँपालिकामा लगत राख्ने निर्णय गरियो। साथै बन्द भएका विद्यालयहरूको हकमा सम्बन्धित वडा कार्यालयमा बुझाउने र वडाले सुरक्षित रुपमा भण्डारण गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. १३: विद्यालयको तह तथा दरबन्दी मिलान सम्बन्धमा।**

निर्णय नं.१३: प्रस्ताव नं. १३ माथि छलफल गर्दा गाउँपालिका अन्तर्गतका जलदेवी प्रा.वि., मण्डली प्रा.वि., जलकन्या प्रा.वि., लक्ष्मी प्रा.वि.हरु बन्दको अवस्थामा रहेकाले सम्बन्धित वडाले वास्तविक अवस्था बुझि जानकारी गर्ने र अन्य विद्यालयहरूमा पनि विद्यार्थी संख्या न्यून हुँदै गाएकाले कम्तिमा पनि बालकक्षा सञ्चालन हुने गरि जनशक्ति व्यवस्थापन गरि दरबन्दी मिलान गर्नको लागि प्रस्तावना पेश गर्न र वैकल्पिक व्यवस्था गरि समायोजन गर्न सकिने विद्यालय विवरण तयार गर्न गाउँ शिक्षा समितिलाई निर्देशन दिने निर्णय गरियो।

**प्रस्ताव नं. १४: विद्यालय सहयोगी सम्बन्धमा।**

निर्णय नं. १४: प्रस्ताव नं. १४ माथि छलफल गर्दा तपसिल बमोजिमका विद्यालयहरूको विद्यालय सहयोगीको काम कारवाहीको सम्बन्धमा जनस्तरबाट गुनासो तथा नियमित अनुगमनको क्रममा चित्तबुझ्दो कार्यसम्पादन नभेटिएकाले सम्बन्धित विद्यालय मार्फत स्पष्टीकरण/नसिहत दिइ सचेत गराउने र सो गर्दा समेत कार्यसम्पादनमा सुधार नआएमा उक्त विद्यालय सहयोगीहरूलाई अवकाश दिइ नया सहयोगी नियुक्ति प्रक्रिया अगाडी बढाउन सम्बन्धित विद्यालयहरूलाई लेखी पठाउने निर्णय गरियो।

**प्रस्ताव नं. १५: छात्रवृत्तिको सूचना प्रकाशन गर्ने सम्बन्धमा।**

निर्णय नं. १५: प्रस्ताव नं. १५ माथि छलफल गर्दा यस वर्षको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत उच्च शिक्षा अध्ययनरत विपन्न विद्यार्थी छात्रवृत्ति कार्यक्रम र द्रव्यशाह बहुमुखी सर्वशान्ति मा.वि.

आबुखैरेनी क्याम्पस तथा गोरखा क्याम्पसमा अध्ययन गर्ने विद्यार्थीहरुलाई आर्थिक सहायता कार्यक्रम अन्तर्गत २/२ लाख रुपैयाँ विनियोजन रहेकोमा पहिलो कार्यक्रमको उदेश्य १० जना विद्यार्थीहरुलाई जनही रु २००००का दरले छात्रवृत्ति र दोस्रो कार्यक्रम अन्तर्गत जनही रु ५०००का दरले स्टेशनरी सहयोग गर्ने उदेश्य रहेकाले उक्त कार्यक्रमहरु कार्यान्वयनको सम्बन्धमा तपसिल बमोजिम गर्ने निर्णय गरियो।

तपसिलः

- ❖ विद्यार्थीको निवेदन सङ्कलनको लागि साबिकको वर्षहरूमा प्रयोग गरिएको फारामहरू बमोजिम नै एकैसाथ सूचना प्रकाशन गर्ने,
- ❖ निवेदन सम्बन्धित क्याम्पस मार्फत वा गाउँपालिकामानै सोझै पेश गर्न सक्ने वा जिल्ला बाहिरका विद्यार्थीको हकमा इमेलमार्फत पेश गर्न मिल्ने गरि निवेदन सङ्कलन गर्ने,
- ❖ छात्रवृत्तिमा छनौट हुन नसकेका विद्यार्थीहरुलाई स्टेशनरी (४ क्याम्पसका) वितरणमा समावेश गर्ने,
- ❖ शहिद लखन गाउँपालिका स्थायी घर भइ कक्षा १० सम्मको शिक्षा सामुदायिक विद्यालयमा अध्ययन गरि हाल उच्च शिक्षाको लागि अन्यत्र रहेका विद्यार्थीहरू योग्य हुने,
- ❖ विद्यार्थीहरूले प्राप्त गरेको १०+२/१२/Bachelor को नतिजाको आधारमा विद्यार्थी छनौट गर्ने,
- ❖ छात्रवृत्तिको लागि विपन्न ४जना, दलित २ जना, अनाथ असहाय २ जना र सीमान्तकृत २ जना साथै लक्षित वर्गका विद्यार्थी नभएमा जेहनदारमा थप गर्ने गरी १० जनालाई रु २०००० का दरले छात्रवृत्ति उपलब्ध गराउने,
- ❖ स्टेशनरी सहायताको सम्बन्धमा जेहनदार १६ जना, दलित ६ जना, जनजाति ६ जना, सीमान्तकृत ४ जना, विपन्न खस आर्य ४ जना, अपाङ्ग २ जना, द्वन्दपिडित २ जना र लक्षित वर्गको विद्यार्थी नभएमा जेहनदारमा थप हुने गरि संख्या कायम गर्ने,
- ❖ स्टेशनरी वितरण अन्तर्गत पहिलो प्राथमिकता स्नातकोत्तर अध्ययन गर्ने विद्यार्थीलाई दिने,
- ❖ स्टेशनरी वितरण सम्बन्धित क्याम्पसमा हुने र छात्रवृत्ति रकम सम्बन्धित विद्यार्थीको बैक खातामा पठाउने व्यवस्था मिलाउने,
- ❖ छात्रवृत्ति वितरण अन्तर्गत तपसिल बमोजिमको प्राथमिकता कायम गर्ने बढीमा आधा संख्या स्नातकोत्तरको हुने गरी छनौट गर्ने,
  - १ विज्ञान संकाय सहित डाक्टर, इन्जिनियर लगायतका प्राविधिक विषयमा स्नातकोत्तर अध्ययनरत विद्यार्थी,
  - २ शिक्षा, व्यवस्थापन तथा मानविकी संकायमा स्नातकोत्तर अध्ययरत
  - ३ विज्ञान संकाय सहित डाक्टर, इन्जिनियर लगायतका प्राविधिक विषयमा स्नातक अध्ययनरत विद्यार्थी,
  - ४ शिक्षा, व्यवस्थापन तथा मानविकी संकायमा स्नातक अध्ययरत विद्यार्थी,
  - ५ विज्ञान संकाय सहित डाक्टर, इन्जिनियर लगायतका प्राविधिक विषयमा १०+२ तहमा अध्ययनरत विद्यार्थी,
  - ६ शिक्षा, व्यवस्थापन तथा मानविकी संकायमा १०+२ अध्ययरत विद्यार्थी,

**प्रस्ताव नं. १६: दक्ष सिपयुक्त कामदारको नक्साङ्कन तथा दर्ता" कार्यक्रम सम्बन्धमा।**

निर्णय नं. १६: प्रस्ताव नं. १६ माथि छलफल गर्दा गण्डकी प्रदेश सरकार, सामाजिक विकास, युवा तथा खेलकूद मन्त्रालय र यस शहिद लखन गाउँपालिकाको लागत साझेदारीमा सञ्चालन हुने "दक्ष सिपयुक्त कामदारको नक्साङ्कन तथा दर्ता" कार्यक्रमको प्रयोजनार्थ विभिन्न वडामा रही सिप सम्बन्धी काम गर्ने दक्ष कामदारहरूको घर वा कार्यस्थलमा पुगेर आफ्नै स्मार्ट मोबाइल प्रयोग गरी KOBO/ Google Form मार्फत तथ्याङ्क संकलन गर्ने कार्यको लागि सेवा करारमा पदपूर्तिका लागि तपसिल बमोजिमको अंक निर्धारण गरी छनौट गर्ने निर्णय गरियो।

<u>तपसिल:</u>

<table>
<tr><th>पद</th><th>शैक्षिक योग्यता SLC/SEE (कक्षा १०)<br>(१० अंक)</th><th>अनुभव<br>( २० अंक)</th><th>स्थानीय बासिन्दा</th><th>अन्तर्वार्ता</th><th>जम्मा</th></tr>
<tr><td>तथ्याङ्क संकलन</td><td>शैक्षिक योग्यता बापत- १० अंक मध्ये<br><table>
<tr><td>विशिष्ट श्रेणी बापत</td><td>A/A+ बाप</td><td>८ अंक</td></tr>
<tr><td>प्रथम श्रेणी बापत</td><td>B/B+ बापत</td><td>६ अंक</td></tr>
<tr><td>द्वितीय श्रेणी बापत</td><td>C/C+ बापत</td><td>४ अंक</td></tr>
<tr><td>तृतीय श्रेणी बापत</td><td>D/D+ बापत</td><td>२ अंक</td></tr>
</table>माथिल्लो तहको शैक्षिक योग्यता- २ अंक</td><td><table>
<tr><td>सिप परीक्षण मुल्यांकनकर्ता भएमा २० अंक</td></tr>
<tr><td>तह २ को सिप परिक्षण उत्तीर्ण भएको रहेमा १८ अंक</td></tr>
<tr><td>TVET विद्यालयमा काम गर्ने प्राविधिक प्रशिक्षक भएमा १६ अंक</td></tr>
<tr><td>सामुदायिक सिकाई केन्द्रका परिचालक भएमा १४ अंक</td></tr>
<tr><td>सामाजिक परिचालक भएको काम गरेको अनुभव भएमा १२ अंक</td></tr>
</table></td><td>५</td><td>१५</td><td>५०</td></tr>
</table>